नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७८/०७९
चलानी नं.: ८३१

फोन नं. : ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
टेकु, काठमाडौं

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाडौं २०७४

मितिः २०७८।१२।०२

विषयः दाबी व्यवस्थापन सम्बन्धमा ।

श्री स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध
सेवा प्रदायक स्वास्थ्य सँस्थाहरू (सबै)

मिति २०७८।११।१८, च.नं. ७८९ को पत्र अनुसार तपसिल बमोजिम सूचना जारी गरिएकोमा केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले समयमै सूचना नपाएको भन्ने गुनासोको कारण देहाय बमोजिम संशोधन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

तपसिल

क) मिति २०७८ पुष १ गते देखि फागुन मसान्तसम्मका दाबीसँग सम्बन्धित नियमानुसार तोकिएका कागजातहरू मिति २०७८ चैत्र १५ गते सम्म अनिवार्य **Upload** गरिसक्नु पर्ने ।

ख) मिति २०७८ चैत्र १ देखि नियमानुसार तोकिएका कागजातहरू दाबी गरेको मितिबाट १५ दिन भित्र अनिवार्य **Upload** गरिसक्नु पर्ने प्रावधान गरिएकोछ ।

ग) मिति २०७८ पुष १ गते देखि फागुन मसान्तसम्म हाल IMIS को Enter Status मा रहेका दाबीहरू मिति २०७८ चैत्र १५ गते भित्र अनिवार्य **Submit** गरिसक्नु पर्ने।

घ) बहिरंग (OPD) र आकस्मिक (Emergency) कक्षमा आउने बिरामीको हकमा अस्पताल प्रवेश (Visit) गरेको मिति देखि ७ दिन र बहिरंग (OPD)/आकस्मिक (Emergency) बाट भर्ना (IPD) भएको बिरामीको हकमा बिरामी अस्पतालबाट Discharge भएको मितिबाट ७ दिन भित्र **Edit** (परिमार्जन) गरि **Submit** (प्रविष्ट) गरि सक्नुपर्नेछ ।

(शोभित रिजाल)
शाखा अधिकृत

शाखा अधिकृत

**बोधार्थः**

श्री नीति योजना शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकु ।
श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*
श्री दाबी व्यवस्थापन शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*
श्री प्रदेश शाखा कार्यालयहरू (सात वटै) *आफ्नो प्रदेश अन्तर्गतका सेवा प्रदायक संस्थाहरूलाई जानकारी गराउनु हुन ।*
श्री जिल्ला सम्पर्क कार्यालयहरू (७७ वटै)